# सम्मान तथा पुरस्कार सम्बन्धी मापदण्ड, २०७८

**प्रस्तावना:** पुरस्कार तथा सम्मानले व्यक्ति तथा संस्थालाई काम प्रति अग्रसर र सकारात्मक हुन उत्प्रेरणा प्रदान गर्दछ। काम कर्तव्य प्रति सधैं निष्ठावान् रहन सजग गराउँछ । यसै मान्यतालाई आत्मसात गरी थारु आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८ को परिच्छेद् ९ को प्रकरण ३२(२) मा थारु समुदायको हक हित र पहिचानको संरक्षण सम्वर्द्धन तथा सशक्तीकरणको क्षेत्रमा उत्कृष्ट भूमिका निर्वाह गरेका संस्था वा व्यक्ति र समुदायका उत्कृष्ट प्रतिभायुक्त व्यक्तिहरुलाई निश्चित मापदण्ड निर्धारण गरी हरेक वर्ष आयोगको स्थापना दिवसको अवसरमा सम्मान तथा पुरस्कार प्रदान गर्नको लागी घोषणा गरिनेछ । सोही प्रयोजनका लागि सम्मान तथा पुरस्कार सम्बन्धी मापदण्ड, २०७८ स्वीकृत गरिएको छ ।

## परिच्छेद् -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यो मापदण्डको नाम सम्मान तथा पुरस्कार सम्बन्धी मापदण्ड, २०७८ रहेको छ ।

(ख) यो मापदण्ड आयोगबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) आयोग भन्नाले थारु आयोग सम्झनु पर्दछ।

(ख) निर्देशिका भन्नाले थारु आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८ सम्झनु पर्छ ।

(ग) सम्मान तथा पुरस्कार भन्नाले यस मापदण्ड बमोजिम थारु आयोगबाट दिइने सम्मान तथा पुरस्कार सम्झनु पर्छ ।

(घ) समिति भन्नाले सम्मान तथा पुरस्कार सिफारिस समिति सम्झनु पर्दछ ।

(ङ) सामाजिक संस्था भन्नाले थारु कल्याणकारिणी सभा, आदिवासी जनजाति महासंघ लगायतलाई सम्झनु पर्छ।

## परिच्छेद् - २

## उद्देश्य

३. उद्देश्य

सम्मान तथा पुरस्कार सम्बन्धी मापदण्ड, २०७८ जारी गर्नुको उद्देश्य देहाय बमोजिम रहेको छः

क. सम्मान तथा पुरस्कारको दायरा एवं वितरण प्रक्रिया निर्धारण गर्नु,

ख. थारु समुदायको हकहित र अधिकारको संरक्षण तथा सम्वर्द्धनको क्षेत्रमा विशिष्ट योगदान पुर्याउने थारु समुदायका व्यक्तिलाई आयोगको तर्फवाट सम्मान स्वरुप सम्मान तथा पुरस्कार प्रदान गर्ने आधारहरु तय गर्नु ।

## परिच्छेद् — ३

## सम्मान तथा पुरस्कारका प्रकारहरु:

सम्मान तथा पुरस्कारका प्रकारहरु तीन किसिमको हुनेछन।

क. थारु रत्न पुरस्कार: थारु समुदायको लागी नविनतम अध्ययन अनुसन्धान तथा उत्कृष्ट प्रतिभायुक्त संघ, संस्था, व्यक्ति वा समुदाय  मध्ये प्रत्येक वर्ष ७ जनालाई पुरस्कार तथा सम्मान प्रदान गरिनेछ ।

ख. थारु गौरव पुरस्कार: थारू समूदायको उन्नती, गौरव, किर्तिमान तथा हक हितको संरक्षण, सम्वर्धन र सशक्तीकरणको क्षेत्रमा उत्कृष्ट भूमिका निर्वाह गरेका संघ, संस्था, व्यक्ति वा समुदाय  मध्ये प्रत्येक वर्ष १४ जना र

ग) सम्मान तथा प्रोत्साहन पुरस्कार: यस आयोगका पदाधिकारीहरुको नियुक्ति वा विदाई, यस कार्यालयका कर्मचारीहरुको सरुवा,बढुवामा स्वागत तथा विदाई साथै समितिले महसुस गरेको अवस्थामा कुनै पनि संघ, संस्था, व्यक्ति वा समुदाय लाई जुन सुकै समयमा आयोगलाइ सम्मान तथा पुरस्कार कार्यक्रमको आयोजना गर्न सिफारिस गर्न  सक्ने छ।

CamScanner

## परिच्छेद् - ४

## सम्मान तथा पुरस्कार प्रदान गर्ने आधार एवं मापदण्ड

### ४. सम्मान तथा पुरस्कार प्रदान गर्ने आधार

थारु समुदायको हक अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्न उल्लेखनीय, उदाहरणीय कार्य गर्ने एवं पौरख, कौशलता प्रदर्शन गर्ने, थारु समुदायको गरिमा र गौरव वढाउने कार्य गर्ने तथा आ-आफ्नो क्षेत्र, विधा र दायरामा रही विशिष्ट योगदान पुर्याउने व्यक्तिहरुलाई सम्मान तथा पुरस्कार प्रदान गर्न सकिनेछ । यसरी सम्मान तथा पुरस्कार प्रदान गरिने आफ्नो क्षेत्र, विधा र दायरा देहायवमोजिम हुनेछः

क. राजनीतिक क्षेत्रः

थारु समुदायको उत्थान, विकास एवं समृद्धिका लागि राजनीतिक योगदान पुर्याउने संघ, संस्था, व्यक्ति वा समुदाय ।

ख. समाजिक सेवा क्षेत्रः

समाज सेवा, स्वयम् सेवा, गैरसरकारी क्षेत्र, समुदायका सम्मानित व्यक्तित्व, विद्यालय, विश्वविद्यालय शैक्षिक वा प्राज्ञिक क्षेत्रमा सेवा गरेको, सिकलसेल एनिमिया, थालासेमिया जस्ता रोगको रोकथाम, नियन्त्रण, निदान तथा उपचार जस्ता स्वास्थ्य क्षेत्रमा योगदान, खेलकुद, सञ्चार, जनचेतना, सशक्तीकरण लगायतका क्षेत्रमा विशिष्ट योगदान पुर्याउने संघ, संस्था, व्यक्ति वा समुदाय ।

ग. साँस्कृतिक क्षेत्रः

थारु समुदायको इतिहास, भाषा, कला, संस्कृति, साहित्य, रीति रिवाज र परम्पराको जगेर्ना तथा संरक्षण गर्न योगदान पुर्याउने संघ, संस्था, व्यक्ति वा समुदाय ।

घ. आर्थिक क्षेत्रः

थारु समुदायको परम्परागत सीप र कलाको उपयोग गरी अर्थतन्त्रका विभिन्न आयामहरु कृषि उद्योग पर्यटन पूर्वाधार सेवा सहकारी निजी क्षेत्र समेतका क्षेत्रहरु र दायरामा रही विशिष्ट योगदान पुर्याउने संघ, संस्था, व्यक्ति वा समुदाय ।

ङ. अन्य महत्वपूर्ण क्षेत्रः

थारु समुदायकोलागी विविध क्षेत्रमा नविनतम अध्ययन अनुसन्धान गरि योगदान पुर्याएको, सामाजिक सद्भाव, सुशासन, सार्वजनिक सेवा प्रवाह, प्रशासन एवं न्याय तथा

CamScanner

कानूनका लगायतका क्षेत्रमा आफ्नो इमान्दारिता निष्ठा क्षमता र विवेक प्रयोग गरी योगदान पुर्याउदै आ-आफ्नो क्षेत्रवाट विशिष्टता प्रदर्शन गर्ने संघ, संस्था, व्यक्ति वा समुदाय र सिफारिस समितिले कुनै विद्याको वारेमा सिफारिस गर्न मनासिव ठानेमा आयोगलाई सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद् - ५

## सम्मान तथा पुरस्कार प्रदान गर्ने प्रक्रिया

### ५. सम्मान तथा पुरस्कार प्रदान गर्ने प्रक्रिया

(क) सम्मान तथा पुरस्कार पाउने सम्भावित संघ संस्था व्यक्ती वा समुहको सिफारिस गर्न कुनै एक माननीय सदस्य ज्यूको संयोजकत्वमा तीन सदस्यीय सम्मान तथा पुरस्कार सिफारिस समिति गठन गरिनेछ।

(ख) सिफारिस समितिले सम्मान तथा पुरस्कार प्राप्त गर्ने सम्भावित व्यक्ति, संघ, समुह वा संस्थाको अन्तिम छनौटकोलागी पुष्टयाई सहित आयोगको वैठकमा पेश गर्नु पर्नेछ।

(ग) आयोगको वैठकले सम्मान तथा पुरस्कारको लागी योग्य व्यक्ती, संघ संस्था तथा समुहलाई पुरस्कारको लागी अन्तिम सूचि तयार गर्नेछ।

(घ) सम्मान तथा पुरस्कार प्रदान गर्ने विधी या राशी आयोगले तोके वमोजिम हुनेछ।

(ङ) हरेक वर्ष आयोगको वार्षिक उत्सवको अवसर पारी सम्मान तथा पुरस्कार प्राप्त गर्ने व्यक्ति, समुह संघ वा संस्थाहरुको नाम घोषणा गरिनेछ। निजहरुलाई हरेक माघी (खिचंडी) पर्वको अवसरमा सम्मान तथा पुरस्कार प्रदान गरिनेछ। यो कार्यक्रम काठमाण्डौं या अन्य कुनै पनि जिल्लामा गर्न सकिनेछ।

### ६. विविध

यो मापदण्ड आयोगले आवश्यकता अनुसार संशोधन एवम खारेज गर्न सक्नेछ।